नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

च. नं.
Ref.No.

मितिः २०८२/१२/१५

अनुशासन सम्बन्धी उजुरी उपर सदस्यलाई सजाय गरिएको बारे ।

"एक विद्यालयको लेखापरीक्षण रीतपूर्वक संचालक समितिको बैठकबाट नियुक्त भएका लेखापरीक्षकबाट भई उक्त लेखापरीक्षण प्रतिवेदन कम्पनीको वार्षिक साधारण सभाबाट अनुमोदन भईसकेको अवस्थामा पछि कम्पनीका अर्का एक संस्थापकले यस संस्थाका एक पेशागत प्रमाणपत्र प्राप्त सदस्यलाई लेखापरीक्षक नियुक्त गरी मिलोमतोमा उजुरवाला संचालक तथा शेयरहोल्डरहरुबाट शेयर बापत कुनै रकम भुक्तानी नभएको तथा कम्पनीको नाममा कुनै सम्पत्ती नरहेको व्यहोरा उल्लेख गरी लेखापरीक्षण प्रतिवेदन तयार पारी कम्पनी रजिष्ट्रारको कार्यालयलाई समेत गुमराहमा पारी उजुरवालाको शेयर जफत गरी एक संस्थापकको नाउमा एकल शेयर लगत कायम गराएको र कम्पनीको नामको जग्गा समेत बिक्री गरेकोले अन्य सम्पुर्ण शेयरहोल्डरको हक हित विपरीत तथा कम्पनीको समेत नोक्सान हुने गरी लेखापरीक्षकको आचार संहिता विपरीत कार्य गरेको" भन्ने आरोप उल्लेख भई यस संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्य विरुद्ध नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३५(१) अनुसार संस्थामा उजुरी दर्ता भएको थियो । सो उजुरी सम्बन्धमा नियमानुसार छानविन गर्दा उजुरीकर्ताले आरोप लगाए जस्तो निज लेखापरीक्षक र निजलाई लेखापरीक्षक नियुक्त गर्ने संस्थापकको मिलेमतोमा उक्त कार्य भएको भन्ने स्वतन्त्र प्रमाण उपलब्ध नभएतापनि आरोपित लेखापरीक्षकले उक्त कम्पनीको विभिन्न आ.व. को लेखापरीक्षण गर्ने क्रममा आफ्नो नियुक्ति कानुन अनुसार भए नभएको यकिन नगरेको, वित्तीय विवरणको पूँजी सम्बन्धी प्रस्तुतीकरण यथार्थ भएको यकिन गर्ने सम्बन्धमा शेयर लगत लगायतका प्रर्याप्त आधार प्रमाण प्राप्त नगरेको, वित्तिय विवरणमा कम्पनी स्थापना सम्बन्धी खर्च, लेखापरीक्षण शुल्क, आय विवरण नबुझाए बापत लाग्ने दस्तुर तथा जरिवाना, कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण नबुझाए बापत लाग्ने जरिवाना, कम्पनीको नाममा रहेको जग्गासँग सम्बन्धित सम्पत्ति कर आदीको कुनै लेखाङ्कन नहुँदा पनि कुनै कैफियत नजनाएको, वित्तिय विवरण साथ Significant Accounting Policies तथा Notes to Accounts संलग्न नहुँदा सो सम्बन्धमा कुनै कैफियत नजनाई लेखापरीक्षण प्रतिवेदन जारी गरेको देखिन आएकोले निज लेखापरीक्षकले उक्त कम्पनीको लेखापरीक्षण गर्ने क्रममा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३४(९) र ३४(१४), नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ६४(ख) र ६४(ग) तथा संस्थाले जारी गरेको आचारसंहिता बमोजिम लेखाव्यवसायीका आधारभुत सिद्धान्त बमोजिम कार्य नगरेको पाईएकोले निज सदस्यलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा १४(५)(क) बमोजिम **नसिहत सजाय** दिने निर्णय परिषद्को मिति २०८२ चैत ०१ गते बसेको ३६२ औं बैठकबाट भएको व्यहोरा सार्वजनिक जानकारीको लागि प्रकाशन गरिएको छ ।

नोटः

यो सूचनामा उजुरी तथा उजुरी उपर भएको निर्णयको संक्षिप्त व्यहोरा मात्र उल्लेख गरी सार्वजनिक जानकारीको लागि प्रकाशन गरिएको हुँदा यसलाई अनुशासन छानविनको पूर्ण प्रतिवेदनको रुपमा लिन उपयुक्त नहुने ।

.....
सिए विमल डंगोल
कार्यकारी निर्देशकक

ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 0977-1-5430832, 5430730, Fax: 0977-1-5450774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

Branch Offices:

Biratnagar: Tel: 977-021-474395, E-mail: icanbrt@ican.org.np | **Butwal**: Tel: 977-071-533629, E-mail: icanbtl@ican.org.np
Birgunj: Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | **Pokhara**: Tel: 977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj: Tel: 977-081-530050, E-mail: icannpj@ican.org.np | **Dhangadhi**: Tel: 977-091-527493, E-mail: icandhg@ican.org.np